## शेयर नेपाल अध्यक्षको मन्तव्य

विश्वका‘विकसित देशहरु’ले प्रविधिको क्षेत्रमा निकै अगाडी फड्को मारी सकेका छन् । सामाजीक र सास्कृतिक पक्षहरु धेरै सकारात्मक भए तापनि आर्थिक उन्नति र प्राविधिक क्षेत्रमा अझै पनि हामी निकै पछाडी नै छौँ । प्राकृतिक स्रोतका हिसाबले अपार सम्भावना हुँदाहुँदै पनि हाम्रो मुलुकले अपेक्षाकृत विकासको प्रतिफल हासिल गर्न सकेको छैन । यसका पछाडि विविध कारण छन् । समुदायको वास्तविक अवस्थाको पहिचान गरी समुदायकै नेतृत्वमा यथार्थपरक योजना तर्जुमा हुन नसक्नु ती विविध कारणमध्येको एक हो । हचुवाको भरमा बनाइएको योजना न त समयमा सम्पन्न हुनसक्छ, न त यसले समुदायमा अपेक्षाकृत परिवर्तन ल्याउन सक्छ । यसरी तयार पारिएको योजनाप्रति समुदायको अपनत्व नहुने हुँदा यस्ता योजनाहरु प्रभावकारी रुपमा कार्यान्वयन पनि हुन सक्दैनन् र यस्ता योजनालाई समुदायले चासो पनि दिँदैनन् ।

तसर्थ, आमाछोदिङ्मो गाउँपालिका परिवारसँग यस सम्बन्धमा भएको पटक-पटकको छलफलपश्चात् आमाछोदिङ्मो गाउँपालिकाको व्यवस्थित सर्वेक्षण गर्ने निर्णय भयो । सोही निर्णयअनुरुपमा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेअनुरुप सर्वेक्षण विधिहरुको अनुशरण गरी आमाछोदिङ्मो गाउँपालिकाको विस्तृत सर्वेक्षण कार्य सम्पन्न गरियो । यसका लागि प्रत्येक वडाबाट सर्वेक्षण सहजकर्ताहरुको छनोट गरी, उनीहरुलाई तथ्याङ्क सङ्कलनका लागि आवश्यक तालिम प्रदान गरी तिनै सहजकर्ताहरुको अगुवाईमा प्रत्येक वडामा घरधुरी सर्वेक्षण कार्य सञ्चालन गरियो । सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई ‘एसपिएसएस सफ्टवेयर’ लाई उपयोग गरी तथ्याङ्क विश्लेषण गर्ने कार्य गरी यस प्रतिवेदन तयार पारिएको हो ।

सेयर नेपाललाई यस पार्श्वचित्र निर्माणको अवसर प्रदान गर्नुहुने गाउँपालिका अध्यक्षश्री बुचुङ तामाङ्
, उपाध्यक्ष श्री नविना तामाङलगायत सम्पूर्ण गाउँपालिका परिवार तथा प्रमुख प्रशासकिय अधिकृत श्री विक्रम लिम्बुप्रतिविशेष आभार व्यक्त गर्दछु । यस कार्यमा सहयोग गर्नुहुने पाँचैवटा वडाका वडाध्यक्ष तथा गणना कार्यमा सहभागी सर्वेक्षण सहजकर्ता साथिहरु र सर्वेक्षणका लागि प्रश्नावली निर्माण, डाटावेस निर्माण, तथ्याङ्क विश्लेषण जस्ता प्राविधिक कार्यमा सहयोग गर्नुहुने डा. कमल फुयाल, अर्जुन भट्टराइ, कपिल फुयाल र विजय मर्हजनलाईहार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद !

रामशरण आचार्य
अध्यक्ष, सेयर नेपाल

